## गुठी संस्थान, शाखा कार्यालय, भक्तपुरको
## गुठी तैनाथी घर टहरा बहालमा दिने सम्बन्धी ३० दिने सार्वजनिक सूचना
### प्रथम पटक प्रकाशित मिति २०७९।०१।२७

भक्तपुर न.पा.११ कि.नं ७२ क्षे.फ.०-११-३ मा यस संस्थानको स्वामित्वमा रहेको तौमढी टोल स्थीत सिद्धिलक्ष्मी फुलबारी नामको घर टहरा र भ.न.पा. वडा नं.३ कि.नं.६९,७०,७१ र ७२ को क्षे.फ.०-१-३-२ जग्गामा बनेको भिमसेन पाटीको पसल घर पाँच वर्षको लागि बहालमा दिनुपर्ने भएकोले सोका लागि आवश्यक पर्ने बोलपत्र फाराम यो सूचना प्रकाशित भएको मितिले ३० औ दिनसम्म यस कार्यालयबाट खरिद गरी आफुले तिर्नु बुझाउन चाहेको दर अंक अक्षरमा भरी सिलबन्दी गरी ३१ औ दिनको १२:०० बजेसम्म शिलबन्दी बोलपत्र यस कार्यालयमा बुझाई सक्नु पर्ने छ । सूचनाका अन्य विस्तृत शर्तहरु यस संस्थानको Website:www.guthisansthan.org.np तथा यस कार्यालयको सूचना पाटीमा समेत हेर्न सकिने व्यहोरा सूचित गरिन्छ ।

गुठी संस्थान शाखा कार्यालय, भक्तपुर, सम्पर्क नं ०१५०९२५६८

गुठी संस्थान कार्यालय, भक्तपुर

# गुठी संस्थान, शाखा कार्यालय, भक्तपुरको
## गुठी तैनाथी घर टहरा बहालमा दिने सम्बन्धी ३० दिने सार्वजनिक सूचना
### प्रथम पटक प्रकाशित मिति २०७९।०१।२७

यस कार्यालय अन्तर्गतका तपसिल बमोजिमका घर टहरा ५ बर्षका लागी बहालमा दिनुपर्ने भएकोले शिलबन्दी बोलपत्र प्रस्ताव पेश गर्न यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

| जिल्ला | न.पा/गा.वि.स | वडा नं | कि.नं. | क्षेत्रफल | घर पसलको नाम | न्युनतम रकम |
|---|---|---|---|---|---|---|
| भक्तपुर | भ.न.पा | ११ | ७२ | ०-११-३ | सिद्धिलक्ष्मी फुलवारी | ८५,५५५। |
| भक्तपुर | भ.न.पा. | ३ | ६९,७०,७१,७२ | ०-१-३-२ | भिमसेन पाटी | २३,३२४। |

पालना गर्नुपर्ने शर्तहरु

१. बोलपत्र फारम रु.१०००।- (एक हजार मात्र) नगद बुझाई (फिर्ता नहुने) यस कार्यालयबाट यो सूचना प्रकाशित भएको मितिले ३० औं दिनसम्म खरिद गर्न सकिनेछ।

२. यो सूचना प्रकाशित भएको मितिले ३१ औ दिनको दिउसो १२:०० बजेसम्म आफुले लिन चाहेको वार्षिक ठेक्का रकम अंक अक्षरमा उल्लेख गरी यस शाखा कार्यालयमा बोलपत्र फारम दर्ता गराई सक्नुपर्नेछ। दर्ता भएका बोलपत्र सोही दिन दिनको २:०० बजे साक्षी प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। प्रतिनिधि उपस्थित नभए प्रस्ताव खोल्न बाधा पर्ने छैन।

३. आफुले मासिक बहाल रकम के कति बुझाउने हो सो को ५ बर्षको बहाल बराबरको रकमको ५% (पाँच प्रतिशत) ले हुन आउने रकम यस कार्यालयको सानिमा बैंकमा रहेको धरौटी खाता नं ००८०१००००००८०२ मा जम्मा गरेको सक्कली बैंक भौचर वा सो बराबरको जमानतपत्र संलग्न हुनुपर्नेछ। प्रस्ताव स्वीकृत भएमा कार्यालयले जानकारी गराएको मितिले ७ (सात) दिनभित्र पहिलो किस्ताको रकम र प्रर्याप्त जेथा जमानत राखेपछि मात्र सम्झौता गरी चलनपुर्जी दिइनेछ। समयमा सम्झौता नगरे धरौटि वापतको रकम जफत गरिनेछ।

४. तैनाथी जग्गाको संरक्षण र सम्बर्द्धन गर्नु प्रस्ताव सकार गर्ने व्यक्ति फर्म जिम्मेवारी हुनेछ। तोकिएको कार्य बाहेक अन्य कार्य गरे गराएमा नोक्सान भएको बिगो जति पेश भएको जमानतबाट र नपुग हुने जति रकम सरकारी बाँकी सरह घर घरानाबाट असुल उपर गरिनेछ।

५. गुठी संस्थानलाई तिर्न वा बुझाउन बाँकी बक्यौता राख्ने तथा कालोसूचिमा परेका व्यक्ति फर्मले यस प्रस्ताव प्रकृयामा भाग लिन पाउने छैन। भाग लिएको पाइएमा प्रकृया रद्ध गर्न सकिनेछ।

६. प्रस्ताव साथ व्यक्ति हकमा स्थायी लेखा नं नेपाली नागरीकता प्रमाण पत्रको प्रतिलिपी र संघ संस्थाको हकमा संस्था दर्ता प्रमाणपत्र र मु.अ.कर दर्ता प्रमाणपत्रको आफैले प्रमाणित गरेको प्रतिलिपि सहित गत आ.व.सम्मको करचुक्ता प्रमाणपत्र पेश गर्नुपर्नेछ।

७. प्रस्ताव बुझाउने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा त्यसपछि लगतै कार्यालय खुलेको दिन कायम गरिनेछ।

८. पर्न आएका प्रस्तावहरु स्वीकृत गर्ने नगर्ने सर्वाधिकार गुठी संस्थानमा निहित रहनेछ।

९. विस्तृत जानकारीको लागि यस संस्थानको वेबसाइट www.guthisansthan.org.np मा सम्पर्क राख्न सकिनेछ।